# श्री सर्वोच्च अदालत
## रामशाहपथ काठमाडौं
## सिलबन्दी बोलपत्र र दरभाउपत्र आह्वानको सुचना
### (प्रथम पटक प्रकाशित मिति: २०७४।११।०७)

यस अदालतमा निम्न माल सामानहरु सिलबन्दी बोलपत्र र दरभाउपत्रको माध्यमद्वार खरिद गर्नु भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त गरेको फर्म वा कम्पनीबाट निम्न शर्तको अधिनमा रही रितपुर्वकको सिलबन्दी बोलपत्र/e-bidding समेत र दरभाउपत्र आह्वान गरिन्छ ।

१. बोलपत्र र दरभाउपत्र सम्बन्धि कागजात दस्तुर (फिर्ता नहुने गरी) बुझाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३० (तीस) दिन भित्र र दरभाउपत्रको हकमा १५ (पन्ध्र) दिनभित्र यस अदालतको भण्डार शाखाबाट चालु आ.व. को लागि नवीकरण भएको ईजाजतपत्र, आयकरको स्थायी लेखा प्रमाणपत्र, आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाणपत्र, स्वःघोषणाको पत्र, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी निवेदन दिई सूचनामा उल्लेख भए अनुसार दस्तुर बुझाई खरिद गर्न सकिने छ ।

२. खरिद भएको बोलपत्र र दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३१ औं दिन र दरभाउपत्रको हकमा १६ औं दिन दिनको १२:०० बजे भित्र यस अदालतको नाममा सम्बोधन गरि सूचना नं. आपूर्ति गर्ने सामानको विवरण, बोलपत्र दाता र दरभाउपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी यस अदालतमा दर्ता गराउनु पर्नेछ ।

३. e-bidding/e-submission मा भाग लिने बोलपत्र दाताहरूको लागि यस अदालतले सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np/ppmo बाट Laptop Computer खरिद सम्बन्धी e-bidding/e-submission को कार्य गरिने छ । उक्त web मा Logon गरि प्राप्त निर्देशन अनुसार इच्छुक बोलपत्रदाताले Laptop खरिद सम्बन्धी बोलपत्रमा भाग लिन सक्ने छ ।

४. दर्ता भएका बोलपत्र र दरभाउपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले दाखिला गर्ने अन्तिम दिन अर्थात बोपलत्रको हकमा ३१ औं दिन र दरभाउपत्रको हकमा १६ औं दिन दिनको २:०० बजे बोपलत्रदाता, दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस अदालतको भण्डार शाखामा खोलिनेछ । बोलपत्रदाता, दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोपलत्र र दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५. बोपलत्र र दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६. बोपलत्र र दरभाउपत्र जमानत बापतको रकम यस अदालतको नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा बोपलत्र र दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा वोपलत्रको हकमा १२० दिन र दरभाउपत्रको हकमा ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य वैंकबाट यस अदालतको नाममा जारी भएको विडवण्ड (वैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ ।

७. बोलपत्र र दरभाउपत्रमा मूल्य अभिबृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ ।

८. बोलपत्र र दरभाउपत्रमा माल सामानको दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्दछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको बोलपत्र र दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

१०. एक फर्मको नाममा खरीद गरिएको बोलपत्र र दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

११. यस सूचनामा उल्लेख नभएका विषयमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ ।

१२. बोलपत्र र दरभाउपत्र सम्बन्धी अन्य आवश्यक कुरा बुझ्नुपरे कार्यालय समय भित्र यस अदालतको भण्डार शाखामा सम्पर्क गरी बुझ्न सकिने छ ।

| सि.नं. | सूचना नं. | खरिद गर्ने सामान | संख्या | जमानत रकम | बोलपत्र/दरभाउ पत्र दस्तुर | खरिद प्रक्रिया |
|---|---|---|---|---|---|---|
| १ | ८/२०७४/०७५ | Laptop Computer | १४० | २,८८,०००/- | ३०००/- | शिलबन्दी बोलपत्र/e-bidding समेत |
| २ | १/२०७४/०७५ | Laser Printer | ९० | ४४,०००/- | १०००/- | शिलबन्द दरभाउपत्र |
| ३ | २/२०७४/०७५ | Gigabit Ethernet Switch | १८ | ३४,०००/- | १०००/- | शिलबन्दी दरभाउपत्र |
| ४ | ३/२०७४/०७५ | Antivirus for Desktop and Laptop | २५०० | ५१,०००/- | १०००/- | शिलबन्दी दरभाउपत्र |